**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

## पाठ्यक्रम विकास केन्द्र

## बहुपाठ्यपुस्तकका रूपमा स्वीकृतिका लागि पाठ्यपुस्तकको मसौदा पेस गर्नेसम्बन्धी सूचना

पाठ्यक्रम, पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६ को दफा २४ मा बहुपाठ्यपुस्तकको स्वीकृति गर्ने व्यवस्था रहेअनुसारअनुसार शैक्षिकवर्ष २०७७ देखि लागु हुने गरी कक्षा ११ र १२ को पाठ्यक्रममा आधारित भई पुस्तक विकास गरेर बहुपाठ्यपुस्तकका रूपमा स्वीकृत गर्न चाहने प्रकाशकतथा लेखकहरूले स्वीकृतिका लागि आवश्यक कागजातसहित पाठ्यपुस्तकसहित कक्षा ११ का पुस्तकका लागि (शैक्षिक वर्ष २०७७ देखि लागु हुने पाठ्यक्रमअनुसारका पुस्तक) २०७७ जेठ मसान्तसम्म र कक्षा १२ का पुस्तकका लागि (शैक्षिक वर्ष २०७८ देखि लागु हुने पाठ्यक्रमअनुसारका पुस्तक) २०७७ पुस मसान्तसम्मनिवेदन पेस गर्न सूचना प्रकाशन गरिएको छ । यससम्बन्धी थप जानकारीका लागि केन्द्रको वेबसाइट www. moecdc.gov.np वा फोन : ६६३४९१६ मा सम्पर्क गर्न सकिने छ ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

## बहुपाठ्यपुस्तकका रूपमा स्वीकृतिका लागि पाठ्यपुस्तकको मसौदा पेस गर्नेसम्बन्धी सूचना

(प्रकाशन मिति : २०७६/११/ ३० )

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६ को दफा २४ मा बहुपाठ्यपुस्तकको स्वीकृति गर्ने व्यवस्था रहेअनुसारअनुसार शैक्षिकवर्ष २०७७ देखि लागु हुने गरी कक्षा ११ र १२ को पाठ्यक्रममा आधारित भई पुस्तक विकास गरेर बहुपाठ्यपुस्तकका रूपमा स्वीकृत गर्न चाहने प्रकाशकतथा लेखकहरूले निम्नानुसारको समयावधिभित्र स्वीकृतिका लागि आवश्यक कागजातसहित पाठ्यपुस्तकसहित निवेदन पेस गर्न सूचना प्रकाशन गरिएको छ ।

- कक्षा ११ का पुस्तकका लागि (शैक्षिक वर्ष २०७७ देखि लागु हुने पाठ्यक्रमअनुसारका पुस्तक) २०७७जेठ मसान्तसम्म
- कक्षा १२ का पुस्तकका लागि (शैक्षिक वर्ष २०७८ देखि लागु हुने पाठ्यक्रमअनुसारका पुस्तक) २०७७पुस मसान्तसम्म

तपसिलबमोजिमको सेवा शुल्कराष्ट्रिय वाणिज्य बैङ्क पुरानो ठिमी, भक्तपुरमा रहेको राजस्व खाता नम्बर क १०००२०००१०००० राजस्व शीर्षक नम्बर १४२२३ र पाठ्यक्रम विकास केन्द्रको कार्यालय कोड नम्बर ३५००२३३०१ मा प्रति पुस्तक रु १० हजार (अक्षरेपि दश हजार मात्र) रकम दाखिला गरेको भौचरको सक्कल प्रतिसहित पुस्तकयस केन्द्रमा पेस गर्नुपर्ने कुरा जानकारी गराइन्छ।

**मूल्याङ्कनका लागि पुस्तक पेस गर्दा अपनाउनुपर्ने विधि र सर्त**

- लेखक वा प्रकाशकले कक्षा ११ वा १२को पाठ्यक्रमलाई हुबहु समेट्ने गरी विद्यार्थीको सिकाइ सहजीकरणका लागि प्रयोग गर्ने उद्देश्यले तयार पारेका मुद्रित पुस्तक स्वीकृतिका लागि पेस गर्नुपर्ने छ। निर्धारित पाठ्यक्रम संरचनानुसार तयार नभएका वा पाठ्यक्रमले तोकेभन्दा बाहेक विभिन्न विषयलाई एउटै विषयमा समेटी तयार पारिएका वा पाठ्यक्रममा उल्लेख नभएका विषयका सामग्री एवम् गाइड, प्राक्टिस बुक र गेस पेपर स्वीकृत हुने छैनन्।
- पेस भएका पुस्तक केन्द्रले मूल्याङ्कन समितिमार्फतपाठ्यक्रम, पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६ को दफा २४ मा बहुपाठ्यपुस्तकको स्वीकृतिमूल्याङ्कन सर्तका तथा अनुसूची २ मा उल्लिखित पुस्तक मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गराउने छ। उक्त मूल्याङ्कनमा कुल न्यूनतम सत्तरी प्रतिशत अङ्क प्राप्त गर्ने पुस्तकलाई मात्र स्वीकृति दिइने छ। न्यूनतम सत्तरी प्रतिशत अङ्क प्राप्त नगर्ने पुस्तक स्वीकृत हुने छैनन् र यस्ता पुस्तक विद्यालयमा पठनपाठन गराउन पाइने छैन। बहुपाठ्यपुस्तककोस्वीकृतिपछि थप पाठ्यसामग्री स्वीकृत गरिने छैन।
- माध्यमिक तहमा पुस्तकको माध्यम भाषा विषयमा सोही भाषा र अन्य विषयमा नेपाली वा अङ्ग्रेजी हुन सक्ने छतर सामाजिक अध्ययन र मानव मूल्य/चारित्रिक शिक्षा विषयलगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुहरूको पुस्तकको माध्यम भाषा नेपाली हुने छ।
- विषयवस्तु, अभ्यास, चित्र, लेआउट डिजाइनसहितको पूर्ण स्वरूपका पुस्तक(Complete Book)तीन तीन प्रतिका दरले पेस गर्नुपर्ने छ। अपूर्ण स्वरूपका सामग्रीउपर कुनै कारवाही हुने छैन।
- सामग्रीमा सामग्रीको नाम, लेखकको नाम र नेपाल सरकारले तोकेको मापदण्डअनुसारको कागज तथा छपाइ गुणस्तर हुनुपर्ने छ। कागज तथा छपाइ गुणस्तरसम्बन्धी जानकारी यस केन्द्रबाट प्राप्त गर्न सकिने छ।एउटा पुस्तक लेखन एक लेखकले वा बढीमा पाँच जनासम्मको समूहले गर्न सक्ने छ। एकै लेखक वा लेखक समूहले एकभन्दा बढी प्रकाशनबाट उही विषय र कक्षाको पुस्तक लेखेको पाइएमा उक्त पुस्तक पेस गर्ने सबै प्रकाशकका पुस्तकको स्वीकृति जुनसुकै समयमा रद्द गरिने छ।
- निवेदनसाथ व्यक्तिगत विवरणसमेत अनिवार्य पेस गर्नुपर्ने छ।
- पुस्तक लेखनका लागि कम्तीमा स्नातकोत्तर योग्यता भई शिक्षण/प्रशिक्षण वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको लेखक हुनुपर्ने छ।
- पुस्तक प्रकाशन गर्दा केन्द्रको प्रकाशन शैलीअनुसार भाषिक तथा साजसज्जागत सम्पादन गर्नुपर्ने छ।
- पुस्तकमा लेखकको नाम र शैक्षिक योग्यताबाहेक तस्बिर वा अन्य विवरण राख्न पाइने छैन।
- पाठ्यक्रम परिमार्जन वा पाठ्यपुस्तकको स्वरूपमा परिमार्जन गर्ने निर्णय भएमा यसरी स्वीकृत भएका पाठ्यपुस्तक परिमार्जन वा अद्यावधिक गरी पुनः स्वीकृति लिनुपर्ने छ।
- बहुपाठ्यपुस्तकका रूपमा प्रयोग हुने पाठ्यपुस्तक केन्द्रद्वारा स्वीकृति लिएर मात्र मुद्रण तथा वितरण गर्नुपर्ने छ। केन्द्रबाट स्वीकृत नभएका पाठ्यपुस्तक प्रयोग गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने छ।
- स्वीकृति प्राप्त लेखक, प्रकाशक, मुद्रक तथा वितरकले केन्द्रले तोके बमोजिमको न्यूनतम गुणस्तर भन्दा कम नहुने गरी पाठ्यपुस्तक मुद्रण गर्नुपर्ने छ।
- तोकिएको गुणस्तरबमोजिम छपाइ भए, नभएको सम्बन्धमा केन्द्र तथा अन्य अनुगमन गर्ने निकायबाट अनुगमन गरी गुणस्तर परीक्षण गर्न, गराउन सकिने छ।

प्रकाशक वा मुद्रक तथा वितरकले उत्पादन गरेको पुस्तक तोकिएको गुणस्तरको नपाइएमा केन्द्रले त्यस्ता प्रकाशक, मुद्रक तथा वितरकलाई कारबाही गर्न सक्ने छ । त्यस्ता गुणस्तरहीन पुस्तक बजारमा बिक्री वितरण गर्न पाइने छैन र त्यसबाट पर्ने आर्थिक हानिनोक्सानीका लागि सम्बन्धित लगानीकर्ता, प्रकाशक, मुद्रक तथा वितरक नै जिम्मेवार रहने छन् । यसबापत नेपाल सरकारले कुनै किसिमको जिम्मेवारी लिने वा क्षतिपूर्ति दिने छैन ।

- पुस्तकको मूल्य पाठ्यक्रम, पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६ को ३१(२) मा भएको व्यवस्थाका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्धारण गरिएअनुसार हुनुपर्ने छ ।
- व्यक्ति लेखक तथा प्रकाशक भएको हकमा PAN मा दर्ता भएका एवम् निजी प्रकाशन गृह भएका हकमा नियमानुसार दर्ता भएको, कर तिरेको र नवीकरणसमेत भएको हुनुपर्ने छ ।
- तोकिएको समयावधिपछि पेस हुन आएका पुस्तकलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन र स्वीकृति नलिई सामग्री बिक्रीवितरण गरेको पाइएमा नियमानुसार कारबाही हुने छ ।
- **थप जानकारीका लागि** फोन : ६६३४९१६, ६६३०५८८, वेबसाइट : www. moecdc.gov.np